# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड १, संख्या २८, फागुन २६ गते, २०७५ साल**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग २

## बेसीशहर नगरपालिका आदिवासी जनजाति नगर समन्वय समिति(गठन तथा कार्य सञ्चालन) कार्यविधि २०७५

**प्रस्तावना :**

नेपालको संविधानले सामाजिक न्यायमाआधारित समावेसी विकासको अवधारणालाई आत्मसात गरेको परिप्रेक्ष्यमा संविधान र अन्य मौजुदा कानून एवं नीतिमा उल्लेखित प्रावधानहरुलाई कार्यरुपमा रुपान्तरण गरी उक्त वर्गलाई विकासको मूलप्रवाहमा ल्याउन विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरु बीच समन्वय कायम गरी उक्त कार्यक्रमहरुलाई पारदर्शी, जनमुखी, उत्तरदायी र प्रभावकारी बनाउन आदिवासी जनजातिसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग र समन्वय गर्न बेसीशहर नगरपालिकामा समन्वय समिति गठन गर्न वाञ्छनीय भएकोले बेसीशहर नगरपालिकाले यो " बेसीशहर नगरपालिका आदिवासी जनजाति नगर समन्वय समिति(गठन तथा कार्यसञ्चालन) कार्यविधि,२०७५ "तर्जुमा गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम" बेसीशहर नगरपालिका आदिवासी जनजाति नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष"भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष"भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य"भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(घ) "समिति"भन्नाले दफा ३ बमोजिम गठन भएको आदिवासी जनजाति बेसशहर नगर समन्वय समिति सम्झनु पर्छ।

**३. समितिको गठन** :आदिवासी जनजाति नगर समन्वय समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) बेसीशहर नगरपालिकाको उपप्रमुख - अध्यक्ष

(ख) नगरकार्यपालिकाले छनौट गरेको नगरक्षेत्रभित्रको आदिबासी जनजातिको हक हीतको पक्षमा क्रियाशिल एक जना - उपाध्यक्ष

(ग) प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी नगर कार्यपालिकाले छनौट गरेको सक्रिय आदिबासी जनजाति ११ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारीले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(च) जिल्ला प्रहरी कार्यालय प्रमुखले तोकेको एक जना अधिकृत प्रतिनिधि - सदस्य

(छ) विभिन्न गैर सरकारी संघसंस्थामा संलग्न आदिबासी जनजाति मध्येबाट नगर प्रमुखले तोकेको २ जना - सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना फोकल पर्सन कर्मचारी - सदस्य सचिव

२.बैठकमा प्रमुख आमान्त्रित सदस्यको रुपमा नगरपालिका प्रमुखको सहभागिता रहनेछ । तथा बैठकको आवश्कतानुसार अन्य व्यक्तिहरुलाई आमन्त्रित सदस्यको रुपमा सहभागिता गराउन सकिनेछ ।

४.**समितिको काम, कर्तव्य र अधिकारः-**समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ :-

(क)आदिवासी जनजातिको विकासका सम्बन्धमा सरकारी, गैरसरकारी र निजी क्षेत्रका कार्यक्रमहरुको निरीक्षण, सुपरिवेक्षण तथाअनुगमन गरी नियमितता, मितव्ययिता, पारदर्शिता र प्रभावकारिता अभिबृद्धि गर्न नगरपालिकालाई मद्दत गर्ने ।

(ख) आदिवासी जनजातिहरुको जिल्ला,नगर,गाउँमा खण्डीकृत तथ्याङ्कहरु तयारीएवं अद्यावधिक गर्ने गराउने ।

(ग) सहभागितामूलक योजनातर्जुमा पद्धतिमा लक्षितवर्गको सहभागिता सुनिश्चितगर्न सहजीकरण गर्ने,

(घ)स्थानविशेषका आदिवासीजनजातिहरुको समस्या पहिचान गरी समाधान पहिल्याउन स्थानीयस्तरमा कार्यरत सरकारी, गैरसरकारी र सामाजिक संघ संस्थाहरुलाई सकृय रुपमा परिचालन गर्ने, गराउने,

(ङ) आदिवासी जनजातिलाई विकासको मूलप्रवाहमा ल्याउन जिल्लास्तरीय क्षेत्रगत नीतिहरु तयार गरी नगरपालिकालाई सिफारिस गर्ने,

(च) आदिवासी जनजातिकालागि स्थानीय आवश्यकता अनुरुप कार्यक्रम एवं बजेटतर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग गर्ने ।

(छ) जिल्लामा आदिवासी जनजातिको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तीकरण गर्ने, गराउने,

(ज) नेपालको संविधानमा अन्तर्निहित आदिवासी जनजातिहरुको हक अधिकार एवं कर्तव्य सम्बन्धमा सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने,

(झ) आदिवासी जनजातिको मौलिक पहिचान संरक्षण एवं सम्वर्द्धनगर्दै सबै जातजाति, क्षेत्र र वर्गबीच सामाजिक सद्भाव अभिबृद्धि गर्ने । यसका लागि जिल्लास्थित सार्वजनिक निकाय, गै.स.स., नागरिक समाज, सामुदायिक संस्था, आदि परिचालनगर्ने,

(ञ) सामाजिक परिचालन मार्फत लक्षित वर्गको सशक्तिकरण गर्ने,

(ट) आदिवासी जनजातिको सशक्तिकरण एवं विकाससंग प्रत्यक्ष सम्बन्धित रहेका लक्षित कार्यक्रमहरुको समन्वय गर्ने,

(ठ) विकास निर्माणको विभिन्न चरणहरुमा आदिवासी जनजातिहरुको अर्थपूर्ण सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, लगायत अन्य कार्यान्वयनमा रहेका नियमावली, नीति, रणनीति, कार्यविधिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्नेगराउने,

(ड) जिल्लामा विभिन्न निकायहरुबाट आदिवासी जनजातिको लागि लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख तयार गर्ने,अद्यावधिक गर्ने गराउने,

(ढ) स्थानीय तहबाट लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित (आदिवासी जनजाति) वर्ग लाभान्वित हुने अवस्था सुनिश्चित गर्ने,

(ण) जिल्लामा नेपाल सरकार, सरकारी कार्यालयहरु तथा स्थानीय तहबाट सञ्चालित आदिवासी जनजातिको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने ।

**५. समितिको बैठक सम्बन्धी कार्यविधि** :(१) समितिको बैठक १ बर्षमा कम्तीमा ४ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

६. **समितिका पदाधिकारीका सेवा, शर्त एवं सुविधा सम्बन्धी व्यवस्था** : (१) समन्वय समितिमा रहने पदाधिकारी एवं सदस्य (पदेन बाहेक) हरुको कार्य अवधि बढीमा तीन बर्षको हुनेछ ।

(२) समितिका सदस्यहरुले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन् । तर समितिका सबै पदाधिकारीहरुले समितिको बैठक बसेको दिन कार्यपालिकाको निर्णयानुसार बैठक भत्ता तथा यातायात खर्च पाउन सक्नेछन् ।

(३) समन्वय समितिका पदाधिकारीहरुले पाउने बैठक भत्ताको रकम नगरपालिकाले उपलव्ध गराउनेछ ।

(४) समन्वय समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक बस्नेछ ।

(५) समितिका सदस्यहरुले यस संग सम्वन्धित कार्यको लागि कुनै क्षेत्रको भ्रमण गर्नु परेमा नगर प्रमुखको आदेश अनुसार मात्र भ्रमण गर्न सक्नेछन्  तथा प्रचलित कानुन वमोजिम भ्रमण भत्ता पाउनेछन् । भ्रमण भत्ता लिनु अघि भ्रमण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**
**भीम प्रसाद तिवारी**
**प्रमुख प्रशासकिय अधिकृत**